(संवत् २०८१ साल फागुन मसान्तसम्म भएका संशोधन मिलाइएको)

# प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५९।१।३०

**संशोधन**

प्रधानमन्त्री सहायता कोष (पहिलो संशोधन) नियमावली, २०६१ २०६१।६।२८

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "कोष" भन्नाले नियम ३ बमोजिम स्थापना भएको प्रधानमन्त्री सहायता कोष सम्झनुपर्छ ।

(ख) *..............................

३. **कोषको स्थापनाः** (१) प्रधानमन्त्री सहायता कोष नामको एक कोषको स्थापना गरिएको छ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कोषलाई आवर्ति कोष (रिवल्विङ फण्ड) को रूपमा सञ्चालन गरिनेछ ।

४. **कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः-

(क) गम्भीर विरामी भई औषधोपचार गराउन नसक्ने अवस्थाका राष्ट्रिय जीवनका ख्याति प्राप्त व्यक्तिको औषधोपचारमा सहयोग गर्ने,

(ख) आर्थिक अवस्था दयनीय भएका व्यक्ति बिरामी परी औषधोपचारका लागि अस्पताल ल्याउँदा र अस्पतालबाट लैजाँदा सहयोग गर्ने,

(ग) दैवी प्रकोप वा दुर्घटनामा पर्नेहरूलाई उद्धार गर्न, सद्गत वा काजक्रिया खर्च वापत मृतकका आफन्तलाई सहयोग गर्ने,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

* पहिलो संशोधनद्वारा झिकिएको ।

(घ) आर्थिक तथा सामाजिक उत्थान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएका सामाजिक संघ संस्थाहरूलाई कुनै विशेष कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने,

(ङ) कमजोर आर्थिक अवस्था भएकालाई सहयोग गर्ने ।

◈(२) उपनियम (१) बमोजिम कोषबाट खर्च गरिने सहयोग रकम प्रधानमन्त्रीले तोके बमोजिम हुनेछ।

◈**५. <u>कोषको रकम उपलब्ध गराउनेः</u>** (१) नियम ४ बमोजिमको आर्थिक सहयोगको रकम प्रधानमन्त्रीले तोके बमोजिम उपलब्ध गराइनेछ ।

**६. <u>कोषको व्यवस्था र सञ्चालनः</u>** (१) यस नियमावली बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्र बैङ्कमा एउटा खाता खोलिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन ◈<u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रशासन प्रमुख र लेखा अधिकृतको</u> संयुक्त दस्तखतबाट हुनेछ ।

७. ✖......................

**८. <u>लेखा र लेखापरीक्षणः</u>** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

९. ✖......................

१०. ✖..................

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

◈ पहिलो संशोधनद्वारा संशोधित ।

✖ पहिलो संशोधनद्वारा खारेज ।